प्रवचन पछि केही महिलाहरु रोकिए, उनीहरु बलिप्रथाको सम्बन्धमा थप जानकारी लिनको लागि उत्सुक थिए। हामीले उहाँहरुलाई सम्झायौं। यदि तपाईको देवी देवतालाई बलि चाहिएको हो भने अवश्य दिनुस् तर मारेर होइन जिउँदै दिनुस्। यदि देवी देवताहरु खुशी हुन्छ र आफ्नो भक्तिभावले प्रशन्न हुन्छ भने अवश्य जिउँदो बलि दिनुस् आफ्नो देवी देवताहरुको चरणमा लास नचढाउनुस्। तपाईको देवी देवता जनावरको लासले होइन तपाईको निश्छल भक्तिभावनाले सन्तुष्ट भएर तपाई प्रति अनुग्रहशिल होस्। हामीले प्रयास गर्‍यौं र सम्झायौं। जसको उसलाई असर पर्‍यो।

## जनकपुरमा भव्य स्वागत

अर्को दिन हामी बर्दिवासबाट फर्क्यौं। केही अगाडि बढ्दै जाँदा हाम्रो स्वागतार्थ जनकपुरबासी देखिए। जब कि जनकपुर टाढा थियो। तर हाम्रो स्वागतार्थ यति टाढाबाट आउनुको अर्थ हो (जनकपुरका श्रावकहरुले भक्तिभाव प्रकट गर्नु। महेन्द्रनगरमा नवनिर्मित एक भवनमा हामी विश्रामका लागि रोकियौं। दिनभरिनै जनकपुरबाट मानिसहरु आइनै रहे। रात्रिकालमा सत्संगका लागि मानिसहरु आए। जहाँ विहारीहरुको संख्या सबभन्दा बढी थियो। आठ मे को बिहान जनकपुरधामका लागि यात्रा शुरु गर्‍यौं। जनकपुर धार्मिकग्रन्थहरु र इतिहासको रुपमा पनि उच्च स्थान राख्छ। यसलाई सीताको जन्मभूमिको रुपमा मान्यता प्राप्त छ। अब हामी बिस्तार(विस्तारै भारततर्फ निकट भइरहेका थियौं। हामीलाई लाग्न थाल्यो अब हामी नेपाली बातावरणलाई छोड्दै भारतीय वातावरणमा प्रवेश गर्न गइरहेका छौं।

हामी राजा जनकको राजधानी जनकपुरमा प्रवेश के गर्न लागेका थियौं त्यहाँका श्रावक श्राविकाहरुको ठूलो हर्षोल्लासपूर्वक स्वागत गरे। नेपाल प्रवेश पछि जनकपुरमा जस्तो स्वागत अन्यत्र देखिएन। जनकपुर अञ्चलको ब्रह्माकुमारी सेवा केन्द्रका प्रमुख गंगा माता पनि हाम्रो स्वागतार्थ सम्मिलित हुनुहुन्थ्यो। मदन लाल जैनको बंगालामा हामीलाई बस्ने व्यवस्था गरिएको

थियो । जयजयकारका बीच हाम्रो स्वागत जुलुसको समापन त्यही बंगालामा भएको थियो । पुरै दिन मानिसहरुको आगमन भइ नै रह्यो । हामीलाई भेट्न आउनेहरुमा नेपालका पूर्व मन्त्री एवम् सांसद आनन्द ढुंगाना राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद कृष्णप्रताप मल्ल, प्रहरी निरीक्षक अच्युत चालिसे आदि हुनुहुन्थ्यो । उहाँसँग भेटवार्तामा हामीले मासु पसलका बारेमा विशेष किसिमले ध्यानाकर्षण गऱ्यौं । यसबाट देशको बातावरण र मानसिकतामा देखापरेको खराब असरबारे अवगत गरायौं । यसलाई रोक्न संकल्प हामीले गर्नु पर्दछ । यो कार्य यति सजिलो पनि छैन, यसमा समय लाग्दछ । तर प्रयत्न शुरु गर्नुपर्दछ । यसको लागि व्यापक स्तरमा जनजागृति शुरु गर्नु पर्दछ । यदि सत्ताधारीहरु र धार्मिक गुरुहरुले संयुक्त रुपमा प्रयास गरे भने यसको जनआन्दोलनको रुपधारण गर्दछ जहाँ देशमा अहिंसाको वातावरण बन्दछ । उहाँहरुले हाम्रो विचारको सार्थकता सम्झनुभयो र आआफ्नो स्तरबाट सहयोग गर्न आश्वासन पनि दिनुभयो । उहाँहरुले त्यस्तै आन्दोलनमा हामीहरुको सहभागिताको पनि जोड दिनुभयो । हामीले उहाँहरुलाई सहयोगको लागि आश्वस्त पाऱ्यौं ।

जनकपुरमा हाम्रो पहिलो दिन व्यस्तताले भरियो । रातमा प्रवचन कार्यक्रम राखिएको थियो । अर्को दिन ठूलो संख्यामा मानिसहरु आएर र जनकपुर शहरमा धर्म भावनाको उद्देश्यले धार्मिक जुलुस निकाल्ने निर्णय गऱ्यौं । यो जुलुस आइतबार निकाल्ने निश्चय गरियो । उक्त दिन अक्षय तृतीयाको पर्व सामान्य रुपमा सम्पन्न भयो । प्रवचनमा ब्रह्माकुमारी सेवा केन्द्रका नेपाल प्रमुख ब्रह्माकुमार राज र गंगा बहिनीको पनि उपस्थिति थियो । सो दिन एक अर्को तथ्यको उद्घाटन भयो । जनकपुर अञ्चल ब्रह्माकुमारी सेवा केन्द्रका प्रमुख गंगामाता हाम्रो सांसारिक पिताका नातिनी हुनुहुँदो रहेछ । सो दिन हामी दुवैले एक आपसमा चिन्ने मौका पायौं ।

पूर्व निर्धारित कार्यक्रम अनुसार सात मईका दिन धार्मिक जुलुस निस्क्यो । जसले जनकपुर शहरको परिक्रमा गऱ्यो । जुलुसमा ठूलो संख्यामा

जैन समाज र अन्य वर्गहरुको उपस्थिति थियो । यो जुलुस शहरमा एक ठूलो चर्चाको विषय बन्यो । भ्रमण गर्दै जुलुस जानकी मन्दिर पुग्यो । त्यहाँबाट रामसीता विवाह मण्डप हुँदै प्रजापिता ब्रह्माकुमारी आश्रम पुग्यौ जहाँ केन्द्रको तर्फबाट हाम्रो सम्मानमा कार्यक्रम राखिएको रहेछ । त्यहाँ प्रवचन र मधुर मिलन कार्यक्रम व्यवस्थित रुपमा राखिएको थियो जुन साँढे दुई घण्टा चल्यो । भव्य धार्मिक जुलुस र सम्मान कार्यक्रमले हाम्रो जन्मभूमि यात्राको सार्थकता माथि बलप्रदान गर्‍यो ।

८ मईका दिन हाम्रो लागि अर्को स्मरणीय दिन बन्यो । जनकपुरमा अहिलेसम्म कुनै जैन संगठन थिएन । त्यस सिलसिलामा राति बैठक भयो जहाँ धेरै संख्यामा युवाहरु सहभागी भए । बैठकमा विचार विमर्श गरेपछि जैन युवा परिषद् नामक एक संस्था गठन गर्ने निर्णय गरियो । उक्त संगठनले जब अस्तित्व ग्रहण गर्‍यो तब हामीलाई ठूलो प्रशन्नता भयो कि हाम्रो यात्राको यो उल्लेखनीय उपलब्धि थियो । हामीले संगठनको सफलताको कामना गर्‍यौं ।

जीवनको प्रवाह कहिले पनि रोकिदैन । तर केही विशेष परिस्थितिमा रोकिन्छ र नयाँ परिस्थिति अनुसार अगाडि बढ्दछ । यो अनुभव प्रितीकर अथवा अप्रितीकर दुवै हुन सक्छ । जब हाम्रो जनकपुरको मधुर स्मृतिको साथ बिदा हुने समय आयो । त्यहाँ चार दिन बढी सन्तोषप्रद बास बस्यौ । ९ मईमा हामीले जनकपुरबाट बिदा लिनु थियो । बिदा गर्नको लागि ठूला साना सबै सामेल थिए । विदाईको क्षण कति भावविव्हलले भरिएको हुन्छ ! यो दृश्य मानसपटलमा अमिट रुपमा अंकित हुन्छ । हामीले लक्ष्य गर्‍यौं उनीहरुको आँखामा बिदाईको आँसुहरु बहिरहेको थिए । आखिर जो रोकिदैन उसलाई कसैले रोक्न सक्दैन । जनकपुरको अपार स्नेह समेटेर हामी उहाँहरुसँग बिदा भयौं । भारत प्रवेशका लागि हामीले आफ्नो कदम बढाउनै लाग्यौं ।

**कहाँ छ भेद रेखा ?**

नेपालको एकमात्र रेलसेवा जयनगरबाट जनकपुरसम्म चल्दछ । त्यही

रेलको पटरी हुँदै हामी अगाडि बढ्यौं। ठूलो संख्यामा मानिसहरु हामीसँगै थिए। गर्मी बढ्दै गएको महशुस भयो। करीब २० किमी हिंडी सकेपछि एकमन्दिरमा विश्रामका लागि रोकियौं। विश्राम र खाना खाए पछि हामीले फेरि यात्रा शुरु गर्‍यौं। कच्ची बाटो हुँदै अगाडि बढिरहेका थियौं। हामीले भाव भूमिमाथि कहिले र कता पाइतला राख्यौं कुनै चाल पाइन। दुवै देशको बीचमा कुनै भेद रेखा देखिएन। एकै जमीनमा दुई स्वतन्त्र राष्ट्रहरु भारत र नेपाल भौगोलिक दृष्टिले मेटिएको थियो। सूर्यास्त हुनुभन्दा अगाडि हामी जयनगरसम्म पुग्यौं। मारवाडी भवनमा हामी विश्राम गर्‍यौं जहाँ पाँच जैनीहरुको निवासस्थान छ। रातमा प्रवचन कार्यक्रम राखियो जहाँ ठूलो संख्यामा मानिसहरु सहभागी भए। दुईरात एक दिन हाम्रो प्रवास जयनगरमा भयो अर्को दिन एघार मईमा हामीले थप यात्रा शुरु गर्‍यौं।

जयनगरबाट १६ किमी यात्रा पुरा गरेर खाजडी गाउँ पुग्यौं। त्यहाँको कलेजमा हामी एक दिन बास बस्यौं। जयनगर र फुटवनका श्रावकहरुले सेवा गर्नुभयो। १२ मेको महिना हामी बिहार गर्दै फुटवन गाउँ पुग्यौं। त्यहाँ १३ जैनीहरुको घर छ। ठूलो उत्साहका साथ हामी एक दिनको प्रवासको लाभ गाउँबासीले लिए। १३ मे को बिहान लौकिक गाउँ जहाँ तेरापन्थी सम्प्रदायको श्री कमलमुनी जी महाराज ठाँणा २ सँग हाम्रो मधुर मिलन भयो। दिउँसो सामूहिक प्रवचनको आयोजना गरियो। त्यहाँको वातावरण सुन्दर र माहौल थियो। मानिसहरुमा ठूलो उत्साह भरिएको देखियो र प्रवचनमा सबै धर्मावलम्बीहरु सहभागी भए।

१४ मईका दिन हामीले लामो यात्रा गर्‍यौं प्रचण्ड गर्मीको मौसममा ९ गते पछि यात्रा गर्नु कठिन महशुस हुन्थ्यो। तर हामीले ११ बजेसम्म गर्मीको वातावरण समेत नेपालको प्रमुख शहर राजविराजमा प्रवेश गर्‍यौं। यो शहर संग हाम्रो सम्बन्ध करीब १० बर्ष पूरा भै सकेको थियो। यो शहरमा जन्म लिएका बैनी निलम जैन र भाइ कुलदीप जैन सँग जब मेरो सम्पर्क भएको

थियो । तब यो शहरलाई देख्ने लालसा मनमा थियो । लगभग ११ बजे आसपास हामी राजविराज शहरमा जुलुसका साथ प्रवेश गऱ्यौं । जैन भवन प्रवेश पछि राजविराजका श्रावकहरुको परिचय हामीले पायौं । यहाँ ५३ घर तेरापन्थी जैनीहरुको रहेछ । यसको अन्य सम्प्रदायका सन्तहरुका साथ परिचयको अभावका कारण खुलेर केही कार्य भएको रहेनछ । यहाँ ठूलो सातकारीभवन रहेछ । भवनको आसपास जैन निवास बढ्दो रहेछ । दिनभरि नै मानिसहरुको आगमन भैरह्यो । बिहानको प्रवचन दिउँसो श्राविकाहरुका साथ ज्ञान चर्चा र रात्रिमा भाइहरुको साथ ज्ञान चर्चाले यहाँका श्रावकहरुको साथ हाम्रो घनिष्ठता बढायौ । सम्प्रदायवादको जुन धेरै थोरै भावना थियो । तीन दिन भित्र समाप्त भयो । राजविराज शहरको तीन दिनको प्रवास अत्यन्त सुखद थियो ।

१७ मे बिहान पुनः हामीले राजविराज शहरमा विहार गऱ्यौं । साथमा धेरै युवकहरु पनि थिए । उहाँहरु हनुमान नगर पुऱ्याउनको लागि साथमा हुनुहुन्थ्यो । १२ किलोमिटरको यात्रा निकै सहजतापूर्वक सम्पन्न भयो । राजविराजका युवक मण्डल पूरै साथमा थिए । लगभग ७ बजे हामी कोशी नदीको किनारमा बसेको हनुमान नगर गाउँ पुग्यौं । त्यहाँ १५/२० तेरापन्थी जैनहरुका घर छन् । मानिसहरुमा भक्ति भावना र धर्मप्रति निकै रुचि थियो । रातको प्रवचन कार्यक्रममा सबै धर्मालम्बीहरु उपस्थित भए । त्यस दिन गर्मीबाट केही राहत मिल्यो । कोशी नदीको चिसो हावाको झल्का आइरहेको थियो ।

हनुमान नगरमा एक दिवसीय विश्राम पूरा गरेर हामी अगाडिका लागि यात्रा शुरु गऱ्यौं । कोशी नदी जसलाई हामी बिहारको शोक भनेर पनि जान्दछौं । जसको बाँधमा सडक बनेको रहेछ । त्यसै बाटो हुँदै कोशी नदीलाई पार गऱ्यौं । गर्मीको मौसममा कोशी नदीमा छाल बगिरहेको थियो । नेपालको प्रमुख नदिहरुमा यो पनि एक हो । जसले पूर्वी नेपालका नदीहरुको प्रतिनिधित्व गर्दछ । गण्डकी, कोशी र कर्णाली यी तीन नदीहरु नेपालका ठूला नदीहरु